नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या:- ०६६/०६८
च.नं.:- ९२२

बबरमहल, काठमाडौं
नेपाल ।
मिति २०७७।०७।२५

विषय : विपद् सम्बन्धी बार्षिक प्रतिवेदन तयार गरी पठाउने सम्बन्धमा ।

**श्री प्रमुख जिल्ला अधिकारीज्यू,**
**अध्यक्ष, जिल्ला विपद् ब्यसव्थापन समिति, सबै ७७ जिल्ला ।**

विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को दफा ४५ तथा सोही ऐनको नियमावली २०७६, को नियम १६ को व्यवस्था बमोजिम तोकिएको अवधि भित्रै स्थानीय विपद् ब्यवस्थापन समितिहरुबाट विपद् सम्बन्धी प्रतिवेदन प्राप्त गरी प्रदेश विपद् ब्यवस्थापन समितिमा पेश भएकै होला । पेश भएको प्रतिवेदनको soft copy यथाशिघ्र यस प्राधिकरणको इमेलः ndrrma@gmail.com मा प्रेषित गरि राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग र समन्वयको लागि निर्देशानुसार सादर अनुरोध छ ।

ती सबै प्रतिवेदनहरुका आधारबाट प्रादेशिक र राष्ट्रिय प्रतिवेदन तयार हुने तथा ती तथ्यांकहरुलाई अन्तर्राष्ट्रिय रुपमा समेत प्रस्तुत गर्नुपर्ने हुँदा एक रुपताका लागि यसै पत्रसाथ संलग्न विवरणहरु पनि समेटिने गरी आगामी प्रतिवेदनहरुमा ध्यान दिनुहुन समेत अनुरोध छ ।

**नियमावलीको ब्यवस्था**

**खण्ड ६९) संख्या ४ नेपाल राजपत्र भाग ३ मिति २०७६।१।२३**

१६. **बार्षिक प्रतिवेदन** : (१) स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको बीस दिनभित्र जिल्ला विपद व्यवस्थापन समिति र प्रदेश विपद व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) जिल्ला विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको र जिल्लाभित्रका स्थानीय विपद व्यवस्थापन समितिबाट भएका कामको एकमुष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको चालीस दिनभित्र प्रदेश विपद व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रदेश विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको र प्रदेशभित्रका जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिबाट भएका कामको एकमुष्ट वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्राधिकरण मार्फत परिषद समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्राधिकरणले प्रत्येक आर्थिक वर्षमा आफूले गरेका कामहरुको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कार्यकारी समिति मार्फत परिषद समक्ष पेश गर्नु पर्नेछ ।

(५) प्राधिकरणले उपनियम (३) र (४) बमोजिमका वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

***संलग्नः पाना -३***

(विजयकुमार महर्जन)
शाखा अधिकृत

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारः- स्थानीय तहहरुमा परिपत्र हुन सादर अनुरोध छ ।

श्री प्रदेश विपद् ब्यवस्थापन कार्यकारी समितिः- ———— विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ तथा
आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश । विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन नियमावली, २०७६ को व्यवस्था अनुसार कार्यार्थ सादर अनुरोध छ ।

श्री स्थानीय विपद् ब्यवस्थापन समिति, ७५३ स्थानीय तह सबै ।

## विपद् ब्यवस्थापन सम्बन्धी बार्षिक प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने मुख्य विवरणहरुः

१. मुख्य तथ्यांकः

| Incident Type | Death | Missing | Injured | Affected family | Animal loss | House damage | | Shed destroyed | estimated loss (NRs) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Fully | Partly | | |
| | | | | | | | | | |

नोटः खाध्यान्न तथा कृषि क्षेत्रको क्षती तथा संवेदनशील संरचनाहरु (जस्तैः स्वास्थ्य, शिक्षा, खानेपानी, विध्युत, सडक, पुल, बैंकिङ् सेवा, सेवा भवन आदि) मा भएको अवरोध र क्षतिलाई पनि छुट्टै उल्लेख गर्ने ।

भएको खोज, उद्दार, राहत, उपचार, प्रभावितको व्यवस्थापन र जोखिम न्यूनीकरणका प्रयासहरुलाई छुट्टै उल्लेख गर्ने ।

२. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना,२०१८-२०३० बमोजिमका राष्ट्रिय ४ प्राथमिकताहरु र १८ कार्यहरु (http://drrportal.gov.np/uploads/document/1445.pdf) :

### प्राथमिकता प्राप्त क्षेत्र १ः विपद् जोखिम बारे बुझाई

#### प्राथमिकता प्राप्त कार्य १ः प्रकोप बमोजिम जोखिम आँकलन

जस्तैः आफ्नो क्षेत्रभित्र कुन कुन प्रकोपहरु छन्? तीनीहरुको ठाउँअनुसार पहिचान गर्ने, ती प्रकोपहरुवाट हुनसक्ने जोखिमको आँकलन गर्ने, प्राप्त सूचनाहरुलाई नक्सांकन गर्ने कार्य आदि ।

#### प्राथमिकता प्राप्त कार्य २ः बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

जस्तैः जोखिम आँकलनको लागि साझा ढाँचामा एकरुपताका लागि सहकार्य गर्ने, प्रकोप अनुसारको विज्ञता भएको संस्थाहरुसँग समन्वय र सहकार्य सम्यन्त्र स्थापना गर्ने, तयार भएका सूचनालाई सार्वजनिक उपयोग गर्ने गराउने आदि ।

#### प्राथमिकता प्राप्त कार्य ३ः प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

जस्तैः सूचनालाई www.bipad.gov.np मा राख्ने र उपयोग गर्ने, श्रब्यदृष्य सामग्रीको उत्पादन र प्रचार गर्ने, जोखिम क्षेत्रमा सबैले पाउन सक्ने गरी सूचना प्रवाह प्रणालीमा आवद्ध हुने वा आफ्नै प्रणाली विकास र सञ्चालन गर्ने, सूचना प्रणालीमा विपद्का क्षेत्रमा काम गर्ने सबैलाई जोड्ने, सहकार्य गर्ने आदि ।

#### प्राथमिकता प्राप्त कार्य ४ः विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

जस्तैः विपद्को जानकारीलाई पाठ्यक्रममा समावेश गर्ने, शिक्षा क्षेत्रसँग सहकार्य गर्ने, सवारीचालक स्वास्थ्यकर्मी ब्यवसायी लगायत सबैखाले संघसंस्थाहरुसँग सहकार्य गर्ने, कृतिम अभ्यास म्यानुअल तयारी र अधिक अभ्यासका कार्यक्रमहरु गर्ने, अध्ययन र अनुसन्धानमा लगानी गर्ने आदि ।

### प्राथमिकता प्राप्त क्षेत्र २ः संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

#### प्राथमिकता प्राप्त कार्य ५ः संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

जस्तैः विपद् ब्यवस्थान गर्ने जिम्मेवार समिति, संस्था वा संरचनाको ब्यवस्था वा सुधार, सार्वजनिक भवन वा स्थानको प्रबलीकरण कोष स्थापना, परिचालन र अनुगमन संयन्त्र, सडक सुरक्षा इकाई र कार्यहरु आदि ।

#### प्राथमिकता प्राप्त कार्य ६ः कानूनी तथा नियामक संरचना निर्माण

जस्तैः विपद् जोखिम ब्यवस्थानपन सम्बन्धी स्थानीय ऐन, नियम, कार्यढाँचाहरु, कार्यविधिहरु तथा निर्देशिकाहरु बनेको, जोखिम न्यूनीकरण योजना तथा गुरुयोजना बनेको, पुर्वाधार डिजाइन तथा भवन, सडक वा बाँध निर्माणको मापदण्ड, कोष तथा खाध्य बैंक स्थापना र सञ्चालन विधि, स्वयंसेवक तथा गैसस परिचालन, भग्नाबशेष हटाउने निर्देशिका, खोज उद्दारकलाई

परिचालन तथा प्रोत्साहन निर्देशिका, जोखिम क्षेत्र घोषणा र यसको सहि उपयोग योजना, पशुपंछी हेरचाह वा ब्यवस्थापन निर्देशिका र अनुगमन मुल्यांकन विधि आदि ।

प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

जस्तैः क्षमता विकास तालिम, सञ्जाल निर्माण र सहकार्य, सीमापार समन्वय बैठक र सहकार्य आदि ।

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

जस्तैः योजना निर्माण देखि कार्यान्वियनको चरणसम्म लैंगिक संवेदनशील र समावेशी पद्दती अपनाउने, उनीहरुको शशक्तिकरण गर्ने, सरोकार समूह गठन, विकास, प्रतिनिधित्व र परिचालन गर्ने आदि ।

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशिलता वृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन**

प्राथमिकता प्राप्त कार्य ९: उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्द्धन

जस्तैः जोखिममा रहेका समुदाय लक्षित आयआर्जन, क्षमता विकास, सुरक्षित आवास, बाढी निकास, बाँध, विद्यालय प्रबलीकरण, आश्रयस्थल र सुरक्षित पहुँचमार्ग पहिचान, पोषण, कर छुट तथा सेवा सुविधा, आपत्कालिन सेवा, सुख्खा क्षेत्रमा पानी माथि तान्ने जस्ता कार्यक्रमहरु, केही डुवान हुने क्षेत्रमा भुँईंतला भन्दा माथिमात्र उपयोग र उपभोग गर्ने ब्यवस्था, खाँबा अनुदान कार्यक्रम आदि ।

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

जस्तैः विपद् जोखिम घटाउन कानून सहित कोषको ब्यवस्था र खर्च, सबै क्षेत्रगत निकायहरुबाट कम्तिमा ५% बजेट जोखिम न्यूनीकरणमा खर्च, सडक निर्माणको १०% लागत सडक सुरक्षामा खर्च, किसान कल्याण कोषको ब्यवसथा र खर्च आदि ।

प्राथमिकता प्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

जस्तैः Business Continuity Plan मा सहयोग, निजी क्षेत्रको श्रोत परिचालन वा सहकार्य र सो बापत उनीहरुलाई उपलब्ध गराईएका सुविधाहरु, जोखिम सम्बोधन गर्ने लगानी वा विमा, विपद् संवेदनशील निजी निर्माण तथा तालिम आदि ।

**प्राथमिकता प्राप्त कार्य १२: जोखिम हिस्सेदारी बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशिलता अभिवृद्धि**

जस्तैः संकटासन्न समुदायको जीवन वीमा, कृषि तथा पशु विमामा हिस्सेदारी, बिउ भण्डारणमा लगानी, योगदानमा आधारित जीविकोपार्जनका साधनको विमा वा लगानीका कार्यक्रम, सार्वजनिक पुर्वाधार वा महत्पूर्ण संरचना तथा भवनहरुको विमा नीति र कार्यान्वियन आदि ।

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ पूनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

**प्राथमिकता प्राप्त कार्य १३: प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

जस्तैः प्रकोप पुर्वसूचना प्राप्ती र प्रवाह प्रणाली, प्रतिकार्य समूह वा केन्द्र बनेको, तालिम र सामग्री सहित क्षमता वृद्धिको कार्य, प्रतिकार्य कार्यप्रणाली निर्माण, परिक्षण वा कार्यान्वयन, आपतकालिन आश्रय स्थल र पहुँचमार्गको पहिचान र नक्सांकन/सिमांकन, आपतकालिन संचार र आपुर्ति प्रणाली, खोजी उद्दार तथा राहत र उपचार, अत्यावस्यक उपकरण र सामग्रीको पूर्वभण्डारण(Prepositioning), संकटासन्न(Vulnerable) ब्यक्ति वा समूहको लागि विशेष तयारी आदि ।

**प्राथमिकता प्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास**

जस्तैः बहुप्रकोप सूचना प्रणाली (e.g. bipad.gov.np) सँग आवद्धता र उपयोग, सडकमा पहिरो वा दुर्घटना क्षेत्र आदि जनाउने चिन्हहरु राख्ने कार्य, सचेतना मुलक कार्यक्रम तथा सामग्री उत्पादन र प्रवाह, पुर्वसूचना प्रणालीमा 'सबै'को पहुँचको सुनिश्चितता, पुर्वसूचना र प्रतिकार्य प्रणालीको कार्यगत अन्तरसंबद्धता आदि ।

**प्राथमिकता प्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन**

जस्तैः विद्यमान समुदाय सुचना प्रणाली, समुदायमा आधारित संस्थाहरुको संजालीकरण र सहकार्य, उनीहरुसँग पुर्वअभ्यास र सिकाई, क्रियाकलापको अनुगमन मुल्यांकनलाई कार्यविधिमा राखेर प्रोत्साहन आदि ।

**प्राथमिकता प्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण**

जस्तैः सामुदायिक सूचना केन्द्रको सञ्चालन, SMS Groups, पूर्वसूचना र सूचनालाई नागरिकसम्म प्रसारण प्रणाली, निराक्षर दृष्टिविहीन बहिरा आदिकालागि विषेश व्यबस्था, सूचना प्रविधिको उपयोग, तत्कालको आवश्यकता तु आँकलन आदि ।

**प्राथमिकता प्राप्त कार्य १७: खोज तथा उद्धारको क्षमता अभिवृद्धि**

जस्तैः आपतिकालिन् कार्यसञ्चालनको सामग्री सहितको क्षमता अभिबृद्धी, यसको विधि निर्माण र कार्यसमूहलाई अभिमूखिकरण, पूर्वतयारी कार्यशाला र पछिको समिक्षा, राहत दिनुपर्ने सम्भावित परिवार पहिचान सहितको कार्यविधि, समुदायमा आधारित खोज तथा उद्दार समूहहरु र तालिम, एम्बुलेन्सको तयारी र उपचारको पूर्वतयारी, सबै क्लष्टरहरुलाई तु परिचालित हुने सुनिश्चितता, कृतिम घटना अभ्यास, विपद् पश्चातको शब व्यवस्थापन स्थल पहिचान र तालिम, GESI लाई सम्बोधन, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा 'समाजका सबै' आदि ।

**प्राथमिकता प्राप्त कार्य १८: पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माण अवधारण प्रवर्द्धन**

जस्तैः विपद् प्रभावितको बस्ती स्थानान्तरण, पुनर्वास र पुनस्थापनाका लागि स्वीकृत निर्देशिका बमोजिमको कार्य र सहकार्य, यस कार्यको लागि स्थानीय ज्ञान क्षमता र सीपको उपयोग र विकास, भवन निर्माणकालागि संलग्न सबैलाई तालिम, जोखिमयुक्त स्थानमा निर्माण र बसोबास निषेध, भएको बस्ती स्थानान्तरण वा प्रबलीकरण, भौतिक पुर्वाधार निर्माणमा विपद् जोखिम न्यूनीकरण र संवेदनशिलता आदि ।

३. **प्रगतिः** उपरोक्त कार्यहरु मध्ये कुन कुन तहबाट के के प्रगति भएको छ, सो उल्लेख गर्ने, नजिता मापन गर्न मिल्ने कार्य (जस्तैः प्रभावित घरपरिवार र सदस्य संख्या, क्षेत्रफल, मानवश्रोत संख्या, सडक वा बाँधको लम्बाई उचाई, लगानी, उपलब्धि आदि) को नतिजालाई संख्यात्मक रुपमा पनि उल्लेख गर्ने । धैरै कुराहरु अन्तरसंबन्धित भएको हुनाले तालिकमा प्रस्तुति गर्दा राम्रो हुन्छ । सम्बन्धित ऐन, नियम, कार्ययोजना, प्रतिवेदन लागयतका श्रोतहरुको वेब ठेगानाहरु पनि सोहि ठाउँमा उल्लेख गर्ने ।

धन्यवाद ।

शाखा अधिकृत